प्रस्तावहरुः

१. गाउँपालिकाको दररेट सम्बन्धमा ।
२. प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगार ब्यक्तिहरुलाई परिचालन गरी काममा लगाउने सम्बन्धमा ।
३. भाडाको सवारी साधन सम्बन्धमा ।
४. विविध

निर्णयहरुः

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम जिल्ला दररेटलाई समेत मध्यनजर गर्दै आर्थिक वर्ष २०८१/८२ का लागि ऐरावती गाउँपालिकाको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।
२. वर्षातका कारण ऐरावती गाउँपालिका भित्रका मूख्य सडक बिग्रीएकोले सामान्य मर्मतका लागि प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत वडाको सिफारिसका आधारमा सूचिकृत बेरोजगार ब्यक्तिहरुलाई परिचालन गरी काममा लगाउने निर्णय गरियो ।
३. ऐरावती गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा भाडामा लिएको डबल पिक्याप सवारी साधन यस वर्ष पनि आवश्यताको महशुस गरी पुरानो भाडा दरमा रु पाँच हजार थप हुने गरी आर्थिक वर्ष २०८१/०८२ को लागि निरन्तरता दिने निर्णय गरियो ।
४. विविधः
    - ऐरावती गाउँपालिका भित्रका किसानहरुको धान बालीमा लागेको जुकाजन्य प्रकोप नियन्त्रण गर्नको लागि विपद् ब्यवस्थापन कोषबाट रु २ लाख भित्र रहने गरी रासायनिक विषादी खरिद गरि किसानहरुलाई वितरण गर्न कृषि विकास शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।
    - नेपाल प्रहरी श्रीमती संघको ४० औ वार्षिकोत्सवको अवसरमा प्रकाशन हुने सहचारी स्मारीका २०८१ मा सूचना तथा शुभकामना प्रकाशनको लागि रु २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।
    - मिति २०८१ असार २३ गतेको अविरल वर्षाको कारण ऐरावती गाउँपालिका वडा ५ निवासी धुब बहादुर थापाक्षेत्रीको घर पहिरोका कारण जोखिममा परेकोले घर

संरक्षणको लागि मेसेनरी वाल (पर्खाल) निर्माणको लागि विपद् ब्यवस्थापन कोषबाट रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

नविल विक्रम शाह
अध्यक्ष